आज मिति २०८२।०५।३१ गते ( ने.स.११४५ ञंलागा दशमी ) मंगलबारका दिन विहान १०:०० बजे अन्नपूर्ण गाउँपालिका, म्याग्दीको गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री भारत कुमार पुनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १ | भारत कुमार पुन | अध्यक्ष | |
| २ | दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| ३ | दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ४ | ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| ५ | रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| ६ | लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| ७ | राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| ८ | राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| ९ | मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| १० | खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| ११ | देव कुमारी पुन | सदस्य | |
| १२ | गेम माया पुन | सदस्य | |
| १३ | आशा गुरुङ्ग | सदस्य | Asha |
| १४ | विष्णु कुमारी गर्बुजा | सदस्य | |
| १५ | विर बहादुर पौडेल | सदस्य | |
| १६ | मिठु वि.क | सदस्य | Mithu |
| १७ | कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | | |
| --- | --- | --- | --- |
| १८ | नविन पौडेल | लेखा अधिकृत | Nabin |
| १९ | कार्यवाहक (वडा नं. १) | अनुकुमारी पुर्जा | |
| | | | |

## निर्णयहरु

**निर्णय नं. १.**

प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०८२ भदौ ०८ गतेको कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयनको स्थितीको समिक्षा गरियो ।

**निर्णय नं. २.**

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकामा कार्यरत तपसिलका कर्मचारीहरुको आ.व. २०८२।०८३ को तलवी प्रतिवेदन स्वीकृत/पारित गर्ने ।

**निर्णय नं. ३.**

प्रस्ताव नं ३ उपर छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसाय दर्ताको लागी United brothers builders Pvt. Ltd. को निवेदन प्राप्त भएकोमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधी २०७५ को अनुसूची-५ मा व्यवस्था भए वमोजिम आवश्यक योग्यता पुरा नभएकाले कानुन वमोजिमको योग्यता पुरा गरेर मात्र दर्ता गर्ने । साथै एम. पि. निर्माण सेवाको इजाजत पत्र नविकरण गर्ने ।

**निर्णय नं. ४.**

प्रस्ताव नं ४ उपर छलफल गर्दा सूचना प्रविधि अधिकृत श्री रमेश थापाको करार अवधी यसअघि २०८२ श्रावण मसान्तसम्म मात्र थप भएकाले भदौ १ गतेदेखि लागु हुने गरि करार सम्झौता नविकरण गर्ने ।

**निर्णय नं. ५.**

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं ७ महभिरमा पर्ने महभिर झरनामा पुर्वाधार निर्माण गर्ने सन्दर्भमा सो स्थानको भौतिक अवस्थाको अवलोकन गरि आवश्यक प्रकृया अगाडि वढाउने ।

**निर्णय नं. ६.**

प्रस्ताव नं ६ उपर छलफल गर्दा वडा नं. २ स्थित भुरुङ तातोपानी कुण्डमा आयठेक्काको लागि २०८२।०३।१८ गते ३० (तीस) दिने पहिलो सूचना प्रकाशन भएको, रितपूर्वक प्रकृया अघाडि बढाउदा ठेक्का सम्झौता नभएकाले मिति २०८२।०५।१७ गते १५ दिने सूचना प्रकाशन गर्ने प्रमुख प्रशासकीय अधिकृत ज्यूको निर्णयलाइ अनुमोदन गर्ने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

**निर्णय नं. ७.**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) यस गाउँपालिकाको ईन्जिनियरिङ सेवा तर्फ अ. सव-ईन्जिनियर, ६ वटा दरवन्दी तेरिज कायम रहेकोमा मिति २०८२।०४।३० गते प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशवाट आएका अ. सव-ईन्जिनियर श्री अशोक कुमार भट्ट सिफारिस भइ आएको हुँदा सोही पदमा करार सेवामा कार्यरत श्रुती कुमारी यादवको असोज १ गतेदेखि लागु हुने गरि निजको सेवा आवश्यक नपर्ने भनि जानकारी गराउने ।साथै सब-इन्जिनियर पदमा कार्यरत भुगोल वि.क.को करार अवधि थप गर्ने ।

२) पाउद्वार तातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क संकलन सम्वन्धी गाउँपालिका र दि ओल्ड कमला होटल बिच सम्झौता भएकोमा उक्त कुण्ड मर्मतका लागि प्राविधिक मूल्याङ्कन अनुसार रु. ९६०६.१३ रकम लाग्ने देखिएकाले गाउँपालिकाको आन्तरिक श्रोतवाट मर्मत गर्ने ।

३) नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम को प.स. ४-०८१।८२, च.न. ४१९, मिति २०८२।०२।०१ गतेको रोजगार सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी पत्रानुसार हाल कार्यरत प्राविधिक सहायक तथा रोजगार सहायकको हकमा माग र आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तहवाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्नुहुन अनुरोध भएकोमा गाउँ कार्यपालिका बैठकबाट यस गाउँपालिकामा कार्यरत प्राविधिक सहायक निश्चल राज चोखाल र रोजगार सहायक सविता देवि तिलिजा पुनको समेत करार सेवा नविकरण गर्ने निर्णय भएकाले निजहरुलाई गाउँपालिकाको आन्तरिक श्रोतवाट तलव भत्ता व्यवस्था गर्ने ।

४) यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद शर्मा कंडेल मिति २०८२।०५।०८ गते सरुवा भइ जानु भएको हुँदा निजलाइ कार्यपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने तथा मिति २०८२।०५।१६ गते हाजिर हुनुभएको प्रमुख प्रशासकीय अधिकृत श्री कपिल पाण्डेलाइ स्वागत गरियो ।

५) यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारिहरुको विदा सम्बन्धित वडा अध्यक्ष मार्फत सिफारिस गराउने व्यवस्था गर्ने ।

६) यस गाउँपालिका परिसरमा भएको खालि जग्गामा पालिकाले संरचना निर्माण गरी इच्छुक व्यक्ति/ संस्था/ फर्मलाइ क्यान्टिन सञ्चालन गर्नको लागि सूचना प्रकाशन गर्ने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

७) यस अन्नपूर्ण गाउँपालिका वडा न ४ नारच्याङ अन्तर्गत रहेको प्रभा मा.वि पूर्वाधार निर्माण (ठेक्का नं 02/W/NCB/ARM/MYAGDI/2079-80) निर्माणाधिन अवस्थामा रहेको र आर्थिक अभावका कारण स्वीकृत बिल बमोजिम रकम भूक्तानी गर्न नसकिएकाले मिति २०८०।१०।१५ गते स्वीकृत तेस्रो रनिङ बिल बमोजिम उठेको जम्मा रकम भ्याट सहित रू २३९८५९१५.५० मध्ये विभिन्न मितिमा गरि रू २२५५३९५१.०० भूक्तानी भई हाल भूक्तानी गर्न बाँकी रकम रु १४३१९६४.५० संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) बजेट शिर्षक नं ३१११२ बाट श्री जयलक्षी /अभिनब जे.भी , बाग्लुङ न.पा - ३, बाग्लुङलाई भूक्तानी दिने । साथै मिति २०८०।११।२१ गतेको कार्यपालिकाको निर्णय नं ९ बमोजिम प्रभा मा.बि पूर्वाधार निर्माण (ठेक्का नं 02/W/NCB/ARM/MYAGDI/2079-80) को लागि पछी सोधभर्ना गर्ने गरि श्री जयलक्षी /अभिनब जे.भी , बाग्लुङ न.पा - ३, बाग्लुङलाई उपलब्ध गराईएको रकम रू ३००००००.०० (अक्षरुपी तिस लाख रुपैंया मात्र) हाल प्राप्त संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (बिषेश अनुदान) बजेट शिर्षक नं ३१११२ बाट खर्च लेखि सोधभर्ना बापत यस गाउँपालिकाको आन्तरिक राजश्व खता नं १५४०११०४१२६०००५६ मा आम्दानी बाँध्ने ।

८) यस अन्नपूर्ण गाउँपालिका वडा न १ दोवा अन्तर्गत पर्ने खबलाङ्ग सुनारी झोलुङ्गे पुल गत वर्षको बाढीको कारण क्षतिग्रस्त भई बृहत मर्मत गर्नुपर्ने भएकाले उक्त झोलुङ्गे पुल मर्मतका लागि स्वीकृत बार्षिक कार्यक्रमबाट रू २००००००.००(अक्षरूपी बिसलाख रुपैंया मात्र ) बिनियोजन भएकाले मिति २०८०।०५।१९ गते यस कार्यालय र मिलन म्याग्दी बिच भएको संझौता र झोलुङ्गे पुल रणनीति २०६२ तथा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका २०६६ बमोजिम उक्त खबलाङ्ग सुनारी झोलुङ्गे पुल मर्मतको लागि मिलन गै.स.स ,म्याग्दीलाई कायदिश दिने ।

९) नेपाल पत्रकार महासंघ म्याग्दीमा दर्ता भएका तथा यस गाउँपालिका कार्यालयको विविध सूचनाहरु प्रकाशन गरेवापत प्रत्येक मिडियाहरुलाई अधिकतम रु १५,०००/ (अक्षेरुपी पन्ध्र हजार ) प्रदान गर्ने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष